# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, कार्तिक २० गते २०३० साल [संख्या २६


श्री ५ को सरकार

### जल तथा विद्युत् मन्त्रालयको

### सूचना

**खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३०**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०३०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत खानेपानी तथा ढल निकाससम्बन्धी योजना वा श्री ५ को सरकारले हस्तान्तरण गरेको कुनै चालू खानेपानी तथा ढल निकाससम्बन्धी योजनालाई समेत जनाउँछ ।

३. समितिको गठनः– (१) खानेपानी तथा ढल निकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायबमोजिम अध्यक्ष र सदस्यहरू रहनेछन् :—

(क) सचिव, जल तथा विद्युत् मन्त्रालय— अध्यक्ष
(ख) प्रतिनिधि, अर्थ मन्त्रालय— सदस्य
(ग) प्रतिनिधि, गृह पञ्चायत मन्त्रालय— सदस्य
(घ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय— सदस्य
(ङ) प्रतिनिधि, स्वास्थ्य विभाग— सदस्य
(च) मुख्य इन्जिनीयर, खानेपानी तथा ढल निकास विभाग— सदस्य
(छ) योजना प्रमुख, खानेपानी तथा ढल निकास योजना— सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठहराएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूको संख्यामा थपघट वा नाममा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सचिवको साथै अरू कुनै दुई जना सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ समितिको बैठकमा उपस्थित रहन सक्नेछ ।

४. समितिको काम र कर्तव्य:— (१) श्री ५ को सरकारले तोकेको क्षेत्रमा देहायको कार्य गर्नको लागि योजना कार्यान्वित गर्नु वा त्यस्तो योजनाको संचालन, संभार वा विस्तार गर्नु समितिको कर्तव्य हुनेछ ।

(क) सार्वजनिक, घरेलु, औद्योगिक वा अरू कुनै कार्यको लागि खानेपानीको संरक्षण वा वितरण गर्ने,

(ख) ढल निकास प्रणालीको स्थापना, संचालन वा नियन्त्रण गर्ने ।

(२) उपदफा (१) मा उल्लिखित उद्देश्य पूर्तिको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ ।

(क) योजनाको सर्वेक्षण, रूपाङ्कन (डिजाइन) र लगत तयार गर्ने ।

(ख) योजनाको लागि आवश्यक सामान उपलब्ध गर्न वा योजनासम्बन्धी निर्माण कार्यगर्नको लागि अन्तर्राष्ट्रिय वा स्थानीय स्तरमा टेण्डर आह्वान गर्ने, ठेक्का—पट्टा जाँच्ने वा सदर गर्ने ।

(ग) योजनाको निर्माण, संचालन र संभारसम्बन्धी कार्य गर्ने व्यक्तिहरूलाई आवश्यक तालीमको सुविधा प्रदान गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) योजनाको निर्माण, संचालन, संभार वा कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने र ती कार्यहरूको निरीक्षण गर्ने ।

(ङ) आवश्यक कर्मचारी वा सल्लाहकारहरू नियुक्ति गर्ने ।

(च) योजनासम्बन्धी सेवा उपलब्ध गराए बापत दस्तूर लगाउन वा त्यस्तो दस्तूरको दरमा कुनै परिवर्तन गर्नु परेमा श्री ५ को सरकारको स्वीकृति लिई गर्ने ।

(छ) वार्षिक बजेट र पञ्चवर्षीय बजेट तयार गर्ने ।

(ज) सार्वजनिक ठाउँमा रहेको धारा वा पानीको पाइप वा त्यसमा जडान भएको मीटर वा ढल निकाससम्बन्धी पाइपको संभार, हेरफेर, निरीक्षण वा परीक्षण गर्ने ।

(झ) खानेपानी वा ढल निकाससम्बन्धी नयाँ पाइप बिछाउन वा साबिकको पाइप मर्मत गर्नको लागि आवश्यक कारवाई गर्ने ।

(ञ) श्री ५ को सरकार र विदेशी संस्थाको बीच सम्पन्न भएको संझौता अनुसार समितिले गर्नुपर्ने अन्य काम गर्ने ।

५. समितिको कोष र आर्थिक कारोबार:– (१) समितिको कोषमा देहायका रकमहरू रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ :–

(क) श्री ५ को सरकार वा अरू स्रोतबाट प्राप्त रकम वा ऋण,

(ख) श्री ५ को सरकार मार्फत कुनै विदेशी एजेन्सीबाट प्राप्त ऋण,

(ग) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवाबाट उठेको रकम,

(ङ) समितिले अरू कुनै स्रोतबाट प्राप्तगरेको रकम ।

(२) समितिले प्रत्येक आर्थिक वर्षको अन्त्यमा बचत हुन आउने रकमको एउटा छुट्टै कोष खडा गर्नेछ र त्यस्तो कोषमा जम्मा भएको रकम विशेष गरी योजनाको विस्तार र विकास कार्यमा खर्च गरिनेछ ।

(३) समितिको आय-व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

६. लेखा परीक्षण:– समितिको लेखा परीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिने:– समितिले आफ्नो सबै वा केही अधिकार समितिको सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. ठेक्का-पट्टा र ठेक्का सदर:– समितिको निर्देशानुसार समितिको तर्फबाट गरिने सबै ठेक्का-पट्टा र सोसम्बन्धी सबै काम समितिको सचिवले गर्नेछ र त्यसरी गरिएको ठेक्का-पट्टा समितिले गरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ । तर साधारणतया दुई बैठकहरूको बीचको अवधि एक महीनाभन्दा बढी हुने छैन ।

(२) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

१०. सम्पत्तिको हस्तान्तरणः– श्री ५ को सरकारले आफ्नो अन्तर्गतको कुनै चालू खानेपानी तथा ढल निकाससम्बन्धी योजनाको संचालन गर्न समितिलाई सुम्पेमा त्यसरी सुम्पेको मितिदेखि त्यस्तो योजनासम्बन्धी सबै सम्पत्ति र दायित्व पनि समितिमा हस्तान्तरण हुनेछ ।

११. समितिको नियमहरूः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जल तथा विद्युत् मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१३. समितिको कार्यालयः– समितिको मूल कार्यालय काठमाडौंमा रहनेछ ।

१४. खारेजीः– खानेपानी तथा ढल निकास समिति (गठन) आदेश, २०२६ खारेज गरिएको छ ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग